annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक ३२९, पृष्ठ ८ | काठमाडौं, बुधबार २५ चैत २०८२ | वैशाख कृष्णपक्ष षष्ठी, नेपाल संवत् ११४६ | WEDNESDAY, APRIL 8, 2026 … र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

आवरण समाचार

## चौघेरामा ओली

अध्यक्ष ओलीको पहिलो घेरामा महासचिव शंकर पोखरेल, पूर्वउपमहासचिव विष्णु रिमाल, सचिव भानुभक्त ढकाल र डा. राजन भट्टराई छन्। जसले ओलीलाई प्रभावमा पार्ने, आफ्नो स्वार्थअनुसार ओलीलाई निर्णय गर्न लगाउने, नेता-कार्यकर्ताका कुरा ओलीसँग लगाएर फाटो ल्याइदिने, लाभका पदमा आफैं हालीमुहाली गर्ने र ओलीलाई गुमराहमा राख्ने गरेका छन्। आफ्नो स्वार्थका लागि ओलीको हदैसम्मको 'चाकरी र चाप्लुसी' गर्ने यो घेराले सकभर नेतृत्वसामु अरू नेताहरू नपरून् भन्ने सोचबाट सक्रिय भइरहेको आरोप छ।

**राजनीतिक ब्युरो** | *काठमाडौं*

विस्तृत पृष्ठ २



## सर्वोच्चले जवाफसहित सरकारलाई बोलायो

### सरकारी विज्ञापनमा एकाधिकार

**अन्नपूर्ण** | *काठमाडौं*



सर्वोच्च अदालतले सरकारी विज्ञापन तथा सूचनाहरू निजी मिडियालाई नदिने निर्णयविरुद्ध अन्तरिम आदेशका लागि सरकारलाई छलफलमा बोलाएको छ।

न्यायाधीश मेघराज पोखरेलको एकल इजलासले सरकारी विज्ञापन वितरणका सम्बन्धमा गरिएको सरकारी निर्णयले प्रेस स्वतन्त्रता र संवैधानिक हकमा पार्न सक्ने असरबारे अन्तरिम आदेश दिने वा नदिने भन्ने विषयमा निर्णय लिन छलफलमा बोलाएको हो। सर्वोच्चले चैत ३० गते दुवै पक्षलाई छलफलमा उपस्थित हुन आदेश दिएको छ। विषयवस्तुको प्रकृति र गम्भीरता हेर्दा अन्तरिम आदेश जारी हुने नहुने निष्कर्षमा पुग्न दुवै पक्षलाई राखी छलफलपश्चात् निष्कर्षमा पुग्नु मनासिब हुने ठहर अदालतले गरेको छ।

सर्वोच्चले निजी क्षेत्रका मिडियालाई सरकारी विज्ञापन नदिने निर्णय गर्नुको कारणबारे सरकारसँग लिखित जवाफ माग गरेको छ। नेपाल मिडिया सोसाइटीको तर्फबाट अधिवक्ता अनन्तराज लुइँटेलले सोमबार दायर गरेको रिट निवेदनमा प्रारम्भिक सुनुवाइ गर्दै सर्वोच्चले सरकारसँग लिखित जवाफ माग गरेको हो। सोसाइटी राष्ट्रिय दैनिकलगायतका प्रमुख सञ्चारमाध्यमका प्रकाशकहरूको संस्था हो। रिटमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सूचना तथा सञ्चार मन्त्रालयसमेतलाई विपक्षी बनाइएको छ। रिट निवेदनमा सरकारको निर्णयले प्रेस स्वतन्त्रताको हकमा प्रतिकूल असर परेको दाबी गर्दै अन्तरिम आदेशको माग गरिएको छ।

सरकारले सरकारी विज्ञापन र सूचनाहरू सरकारी स्वामित्वका सञ्चारमाध्यममा मात्र प्रकाशन तथा प्रसारण गर्ने भनी गरेको निर्णयविरुद्ध सर्वोच्चले १५ दिनभित्र विपक्षीहरूलाई लिखित जवाफ पेस गर्न आदेश दिएको हो। चैत १८ गते प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सचिवस्तरीय निर्णय गर्दै एक परिपत्र जारी गरेको थियो। जसमा नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह र सार्वजनिक कोषबाट सञ्चालित सबै निकायका विज्ञापन तथा सूचनाहरू अनिवार्य रूपमा गोरखापत्र संस्थान, रेडियो नेपाल, नेपाल टेलिभिजन र सरकारी स्वामित्वका सञ्चारमाध्यममा मात्र दिनुपर्ने उल्लेख थियो।

सरकारको यो निर्णयले निजी क्षेत्रका राष्ट्रिय दैनिक, रेडियो र टेलिभिजनहरूलाई पूर्णत: निषेध गरेको भन्दै विरोध भएको छ।

मंगलबार इजलासमा बहस गर्दै कानुन व्यवसायीहरूले सरकारको कदमले प्रेसलाई नियन्त्रण र संकुचित पार्न खोजेको दाबी गरेका थिए। नेपाल बार एसोसिएसनका अध्यक्ष प्रा. डा. विजयप्रसाद मिश्रले सरकारको निर्णयको कडा आलोचना गर्दै लोकतान्त्रिक मुलुकमा सरकारले सञ्चारमाध्यमबीच विभेद गर्न नपाउने तर्क गरेका थिए।

वरिष्ठ अधिवक्ता ललितबहादुर बस्नेत तथा अधिवक्ताहरू अनन्तराज लुइँटेल, विकास भट्टराई, कीर्तिनाथ शर्मा पौडेल, प्रतिभा उप्रेती, विशाल थापा र भक्तिराम घिमिरेले सरकारको यो रवैया 'निरंकुश' रहेको जिकिर गर्दै अन्तरिम आदेश माग गरेका थिए।

बाँकी पृष्ठ ६

## साउदी अरबमा ६२ नेपालीलाई 'एक्जिट भिसा'

**विष्णु घिमिरे** | *साउदी अरब*

साउदी अरबस्थित नेपाली राजदूतावासको विशेष पहलमा ६२ जना नेपाली नागरिकले अन्तिम बहिर्गमन अनुमति (एक्जिट भिसा) प्राप्त गरेका छन्। भिसा प्रक्रिया सम्पन्न भएसँगै राजदूतावासले उनीहरूलाई ढिलाइ नगरी यथाशीघ्र स्वदेश फर्कन आग्रह गरेको छ। आवास अनुमति (अकामा) को म्याद सकिएका, रोजगारदातासँग विवाद भएका, पारिश्रमिक नपाएका, कम्पनी बन्द भएका वा विभिन्न कानुनी र स्वास्थ्यजन्य समस्याका कारण साउदीमा बस्न नसक्ने अवस्थामा पुगेका नेपालीहरूलाई दूतावासले सहजीकरण गरेको हो। दूतावासले साउदी सरकारका सम्बन्धित निकायसँग आवश्यक समन्वय गरी अलपत्र परेका यी श्रमिकहरूलाई वैधानिक रूपमा घर फर्किने वातावरण मिलाएको जनाएको छ।

बाँकी पृष्ठ ६




## संसार हल्लाउने ट्रम्पको चेतावनी

### 'इरानको एउटा सिंगो सभ्यताको मृत्यु हुन लागेको छ'



**वासिङ्टन डीसी** (बीबीसी): अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानलाई चेतावनी दिँदै मंगलबार राति 'एउटा सिंगो सभ्यताको मृत्यु हुन लागेको' बताएका छन्। ट्रम्पले इरानलाई सम्झौताका लागि मंगलबार वासिङ्टन समयअनुसार राति ८ बजेसम्मको समय सीमा (डेडलाइन) दिएका छन्। इरानको तर्फबाट अहिलेसम्म कुनै सम्झौताका लागि सहमति जनाइएको छैन।

इरानको इस्लामिक रिभोलुसनरी गार्ड कर्प्सले भने विज्ञप्ति जारी गर्दै आफूहरूले अहिलेसम्म संयम देखाएको बताएको छ। अमेरिकी राष्ट्रपतिको बयानपछि टर्कीस्थित इरानी दूतावासले सामाजिक सञ्जाल 'एक्स' मा एक पोस्ट गर्दै कडा जवाफ दिएको छ।

दूतावासले लेखेको छ- 'सिकन्दरले यसलाई जलाए। मंगोलहरूले यसलाई तहसनहस पारे। इतिहासले यसको परीक्षा लियो। इरान अझै पनि यहीँ छ। एउटा साइकोप्याथको धम्कीले त्यसलाई सिध्याउन सक्दैन, जसलाई समयले समेत सिध्याउन सकेन।'

**ट्रम्पले 'ट्रुथ सोसल' मा के लेखे ?**

अमेरिकी राष्ट्रपतिले आफ्नो 'ट्रुथ सोसल' एकाउन्टमा पोस्ट गर्दै मंगलबार राति एउटा सभ्यता समाप्त हुने कुरा उल्लेख गरेका छन्। ट्रम्पले लेखेका छन्- 'एउटा सिंगो सभ्यताको आज राति मृत्यु हुनेछ र त्यो कहिल्यै फर्किएर आउने छैन। म यस्तो होस् भन्ने चाहन्न, तर सायद यस्तै हुन सक्छ।' उनले अगाडि थपेका छन्, 'अहिले जब पूर्णरूपमा शासन परिवर्तन भइसकेको छ, जहाँ फरक, बुझ्ने र कम कट्टरपन्थी सोच भएका मानिसहरू अगाडि आएका छन्, सायद केही क्रान्तिकारी र राम्रो हुन सक्छ, कसलाई के थाहा ?'

ट्रम्पले यो समयलाई विश्वको लामो र जटिल इतिहासकै सबैभन्दा महत्त्वपूर्ण क्षणमध्ये एक बताएका छन्। उनले लेखेका छन्, '४७ वर्षको जबरजस्ती असुली, भ्रष्टाचार र मृत्युको युग अन्तत: समाप्त हुनेछ। ईश्वरले इरानका महान जनताको रक्षा गरून्।'

बाँकी पृष्ठ ६